संघीयसंसद
संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

**१८ साउन २०७५ ,शुक्रबार**

# दशौँ बैठकको निर्णय

समितिको आजको बैठकमा संवैधानिक परिषद्को सचिवालयको प. सं. ०७४।०७५, च. नं. ०२, मिति २०७५/०२/२९ को पत्रानुसार नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिको लागि श्री दीपकराज जोशीलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाइएकोमा, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम सुनुवाई गर्दा प्रस्तावित व्यक्ति योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि अयोग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति(कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम नेपालको प्रधान न्यायाधीश पदमा संवैधानिक परिषद्द्वारा प्रस्तावित श्री दीपक राज जोशीको नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुइ तिहाई बहुमतबाट अस्वीकृत भएकोले निजको सुनुवाईका सम्बन्धमा समितिमा भएका कारवाही, प्राप्त कागजात तथा अन्य विवरण उपलव्ध गराउन सम्बन्धित निकायमा यथाशीघ्र पत्राचार गर्न समिति सचिवलाई निर्देशन दिने निर्णय गरियो ।